आज मिति २०७७ साल भाद्र महिनाको ७ गते आईतवारका दिन कटहरी गाउँपालिकाका अध्यक्ष्य श्री रामकुमार कामतज्यूको अध्यक्षयतामा तपसिल बमोजिमका मानिसहरुको उपस्थितिमा आर्थिक वर्ष ०७६/०७७ मा कटहरी गाउँकार्यपालिकाको कार्यलय,गाउँपालिका अन्तर्गत रहेका विभिन्न शाखाहरुबाट भए गरेका कामहरु र सो बाट भएका प्रगतीहरुको समिक्षा गर्नका लागी **वार्षिक समिक्षा बैठक** बसी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | पदाधिकारीको नाम, थर | स्थान | पद | १४ गते |
|---|---|---|---|---|
| १ | श्री रामकुमार कामत | गा.पा. | अध्यक्ष | |
| २ | श्री मन्जिता कुमारी सरदार | गा.पा. | सदस्य | |
| ३ | श्री कपुर लाल माझी | १ | सदस्य | |
| ४ | श्री किशोर कुमार पाण्डे | २ | सदस्य | |
| ५ | श्री जदुलाल कामत | ३ | सदस्य | |
| ६ | श्री मन्टु शेख | ४ | सदस्य | |
| ७ | श्री घनश्याम सिंह | ५ | सदस्य | |
| ८ | श्री पृथ्वीलाल सरदार | ६ | सदस्य | |
| ९ | श्री प्रतापकुमार श्रेष्ठ | ७ | सदस्य | |
| १० | श्री विर बुद्ध मुडियारी | ५ | सदस्य | |
| ११ | श्री सरिता कुमारी सरदार | ७ | सदस्य | |
| १२ | श्री माहावती देवी माझी | १ | सदस्य | |
| १३ | श्री कला कुमारी राजवंशी | २ | सदस्य | |
| १४ | श्री दुखनी कुमारी पासवान | ३ | सदस्य | |
| १५ | श्री हुसना खातुन | ४ | सदस्य | |
| १६ | श्री सन्तोष कुमार राजवंशी | १ | सदस्य | |
| १७ | श्री गंगा राय अमात | १ | सदस्य | |
| १८ | श्री सझा देवी पासयान | १ | सदस्य | |
| १९ | श्री जय प्रकाश पासयान | २ | सदस्य | |
| २० | श्री कमला देवी कोईराला | २ | सदस्य | |

Scanned with CamScanner

## प्रस्तावहरु

**क. गत आ.व.०७६/०७७ को वार्षिक प्रगती विवरण पेश सम्वन्धमा ।**

**ख. वजेट कार्यान्वयनमा समस्या, चुनौती र समाधान सम्वन्धमा ।**

**निर्णय नं. १-**

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत आर्थिक वर्ष ०७६/०७७ को चैत्र महिना देखि नै कोरोना भाईरस (कोभिड-१९) का कारण लक डाउन घोषणा भएको भएता पनि कटहरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, गाउँपालिका अन्तर्गत रहेका विभिन्न शाखाहरुबाट गत आ.व.मा सम्पादन भएका काम, सन्चालन भएका कार्यक्रम तथा योजनाहरुको विषयमा प्रत्येक शाखा बाट प्रस्तुत भएको प्रतगी विवरण देहाय बमोजिम प्रस्तुत भयो ।

**क. प्रशासन शाखाः**

यस शाखाले गत आ.व. ०७६/०७७ मा सम्पादन गरेका काम र प्रगतीको विषयमा प्रशासन शाखा प्रमुख श्री जानकी प्रसाद अधिकारीबाट जानकारी भयो । यस कटहरी गाउँपालिका र गाउँपालिका अन्तर्गत रहेर कामकाज गर्दै आएका कर्मचारीहरुको विवरण प्रस्तुत

Scanned with CamScanner

गर्दै प्रशासन शाखा अन्तर्गत रहेका उपशाखाहरुः-जिन्सि शाखा,राजश्व शाखा,सामजिक विकास शाखाले आ-आफ्नो कार्य जिम्मेवारी पुर्ण चुस्त र दुरुस्त रुपमा सम्पादन गरेको पाईयो ।

**ख. योजना शाखाः**

योजना शाखा प्रमूख श्री शम्भु सापकोटाबाट कटहरी गाउँपालिका क्षेत्र भित्र यस शाखा अन्तर्गत गत आ.व.०७६/०७७ मा सन्चालन भएका योजना तथा कार्यक्रमहरुको विवरण पेश हुन आएकोमा उक्त शाखाबाट पेश हुन आएको विवरण अनुशार देहाय बमोजिम योजना तथा कार्यक्रम सन्चालन भएको पाईयोः

- ठेक्का मार्फत सन्चालन भएका योजनाहरुः ३४
- उपभोक्ता समिति मार्फत सन्चालन भएका योजनाहरुः १८०
- कोटेशन मार्फत सन्चालन भएका योजनाहरुः ३४
- परामर्श सेवा खरिद संख्याः ५

**ठेक्का,कोटेशन तथा उपभोक्ता समितिवाट संचालित योजनाहरुवाट भएका कामको प्रगती विवरणः**

| सि.नं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | सडक कालोपत्रे गर्ने कार्य | ७४५१.१० मीटर | |
| २ | सडक ग्राभेल | १९६४७.६० मीटर | |
| ३ | सडक मर्मत | ५४०१.२० मीटर | |
| ४ | प्रशासनिक तथा सामूदायीक भवन | १४ वटा | निर्माणधिन रहेको |
| ५ | मन्दीर,मस्जिद र मदर्शा | ३२ वटा | निर्माण तथा मर्मत |
| ६ | पक्की नाला निर्माण | १४१०.५ मीटर | |
| ७ | आवास गृह(भवन) | ६८ वटा | |
| ८ | पक्की कल्भर्ट | ४ वटा | |
| ९ | रिटेनिङ वाल | १८४.४५ मीटर | |
| १० | विद्यालय भवन | १ वटा | |
| ११ | विद्यालय कक्षाकोठा | २ वटा | |
| १२ | विद्यालय मर्मत तथा व्यवस्थापन | १६ वटा | |
| १३ | सडक बत्ती जडान | ३ वडामा | वडा नं.१,४ र ७ |

माथि उल्लेखित विवरणका आधारमा आ.व.०७६/०७७ मा अघिल्लो आ.व.०७५/०७६ भन्दा सडकको विस्तार र स्तरोन्नती २८.३ प्रतिशतले बढेको पाईयो । भवन निर्माणको कार्य शुरु भई सम्पन्न हुने अवस्थामा रहेका,सम्पुर्ण विद्यालय भवनहरु मर्मत गर्नुपर्ने अवस्थाका भएका कारण सबै भवनहरु मर्मत गरीएको र विध्यालयहरुको आन्तरिक व्यवस्थापनः विज्ञान प्रयोगशाला,कम्प्युटर कोठा ब्यवस्थापन,कार्यालय कोठा ब्यवस्थापन जस्ता कार्य बढी मात्रमा गर्नु परेको,योजना तथा कार्यक्रम अनुगमन समिति मार्फत प्राप्त भएको प्रतिवेदन अनुशार गाउँपालिकाबाट विभिन्न वडाहरुमा जाने सडकहरुमा जुनसुकै समयमा( हिउँद,वर्षा) पनि सहज रुपमा आवत जावत गर्न मिल्ने ,सडकको वर पर निर्माण भएका नयाँ घरहरुले भवन आचार संहिता बमोजम नै निर्माण भई रहेका र पुराना घरहरु पनि विस्तारै अन्यत्र सार्ने कार्य भै रहेको र अव आँउदो आर्थिक वर्षदेखि सडकको स्तरोन्नती अझ ब्यवस्थित हुने कुराको विवरण प्रस्तुत भयो ।

Scanned with CamScanner

**ग. प्राविधिक शाखाः**

प्राविधिक शाखाका प्रमूख श्री राकेश कुमार यादवबाट प्राविधिक शाखाले गत आर्थिक वर्ष ०७६/०७७ मा सम्पादन गरेका कार्य,कार्य सम्पादनमा भएका समस्या र कठिनाईका विषयमा जानकारी गराउँदै कोरोना भाईरसका कारण भएको लकडाउनले योजना सन्चालनमा कठिनाई भएता पनि रकम विनियोजन भएका ८० प्रतिशत योनाहरु सन्चालन र सम्पन्न भएको जानाकारी भयो ।

**घ. जिन्सी शाखाः**

प्रशासन शाखा अन्तर्गत उपशाखाको रुपमा रहेको जिन्सि शाखाका कर्मचारी श्री रविन्द्र कार्कीबाट जिन्सी शाखाबाट सम्पादन भएका कार्यको बारेमा जानकारी, गाउँपालिकामा रहेका र गाउँपालिकाको स्वामीत्वमा रहेका स्थिर सम्पतिको विवरण जानकारी गराउँदै शाखामा भएका समस्याका बारेमा जानकारी भयो ।

**ङ. सामजिक विकास शाखाः**

सामजिक विकास शाखाका कर्मचारी श्री कविता रिजालबाट सो शाखाबाट गत आर्थिक वर्ष ०७६/०७७ मा सम्पादन भएका कार्यहरुको जानकारी गराउँदै सो शाखाबाट सम्पादन भएका कार्यहरु मध्ये कटहरी गाउँपालिकामा रहेका महिला,बालवालिका,दलित,अति विपन्न वर्ग र यूवाहरुको आयमा प्रत्यक्ष फाईदा पुर्याउने र रोजगार सृजना गर्ने किसिमका ड्राईभिङ,प्लम्बर,हाउस वायरिङ,सिलाई कटाई, बुटिक,गुडीया बनाउने, मेवा खेती जस्ता तालिम र महिला शसक्तिकरण,बाल बचाउ,बाल विकास र वालसहभागिता जस्ता चेतनामूलक र जनजाती लक्षित शसक्तिकरण जस्ता विभिन्न कार्यक्रमहरु सन्चालन भएको र सो कार्यक्रम सन्चालनमा भएका कठीनाईहरुको बारेमा समेत जानकारी भयो ।

**च. लेखा शाखाः**

कटहरी गाउँपालिका लेखा शाखा प्रमूख श्री रोशन गुप्ताबाट गत आ.व. ०७६/०७७मा कटहरी गाउँपालिकामा विभिन्न शिर्षकमा एकमुष्ठ आम्दानी र खर्च जम्मा **रु. ५९,४७,७७,०६०।१०** को एकमुष्ठ विवरण पेश हुन आएको ।

**छ. राजश्व शाखाः**

प्रस शाखाका कर्मचारी श्री राजेश भट्टराईबाट गत आर्थिक वर्ष ०७६/०७७मा राजश्व शाखाबाट संकलन भएको राजश्वको विवरण पेश हुन आएनुशार कटहरी गाउँपालिका, गाउँपालिका अन्तर्गत रहेका सात वटा वडाकार्यलयहरुबाट विभिन्न आम्दानी शिर्षकबाट कुल रकम **रु.१६,११,७२९९।–** को विवरण प्रस्तुत भयो ।

**ज. शिक्षा शाखाः**

शिक्षा शाखाका प्रमूख श्री द्रोण प्रसाद पोखरेलबाट कटहरी गाउँपालिकामा रहेका कुल १९ वटा विद्यालयहरुको गत आर्थिक वर्ष ०७६/०७७ मा भएको प्रगती विवरण पेश हुन आएनुशार नेपाल सरकार शसर्त अनुदानबाट प्राप्त रकमबाट गाउँपालिकामा रहेका १९ वटा विद्यालयका प्रा.वि. तहका विध्यार्थिहरुलाई पाठ्यपुस्तक, विद्यालय पोषाक र झोला वितरण गरिएको र मिति २०७६/११/१२ बाट देशव्यापी रुपमा भएको लकडाउनले सम्पुर्ण विद्यालयहरु प्रभावित भई नियमित पठन पाठन हुन नसकेको कारण उल्लेखनिय रुपमा

Scanned with CamScanner

ठोस प्रगती हुन न सकेको भएता पनि विद्यालयबाट पेश हुन आएका परिक्षाको नतिजाको आधारमा आम विद्यार्थिहरुको परिक्षा नतिजा निरासजनक नभएको पाईयो ।

**झ. पशु शाखाः**

कटहरी गाउँपालिका अन्तर्गत रहेको पशु शाखाका प्रमूख श्री श्याम सुब्बाबाट सो शाखाले गत आर्थिक वर्ष ०७६/०७७ मा गरेका गतिविधि र प्रगतीका विषयमा प्रस्तुत गरेनुशार गाउँसभाबाट रकम विनियोजन भएका र नेपाल सरकारबाट प्राप्त शसर्त अनुदान अन्तर्गतका सम्पुर्ण कार्यक्रमहरुः बोयर जातका बोका वितरण,घाँसको विउ वितरण,पशुहरुमा परजिवि नियन्त्रण कार्यक्रम,विभिन्न संक्रामक पशु रोगहरु विरुध्द भ्याक्सिन कार्यक्रम,ब्यवसायीक पशु तथा पंक्षी पालन तालिम,मासु पसलहरुकोअनुगमन जस्ता कार्यक्रमहरु सन्चालन भएको विवरण प्रस्तुत भएको ।

**ञ. कृषि शाखाः**

कटहरी गाउँपालिका अन्तर्गत रहेको कृषि शाखाका प्रमूख श्री बिमला पन्तबाट सो शाखाले गत आर्थिक वर्ष ०७६/०७७ मा गरेका गतिविधि र प्रगतीका विषयमा प्रस्तुत गरेनुशार गाउँसभाबाट रकम विनियोजन भएका र नेपाल सरकारबाट प्राप्त शसर्त अनुदान अन्तर्गतका सम्पुर्ण कार्यक्रमहरुः मकै,गहुँ र धानको विउ वितरण,च्याउको विउ वितरण, सिडकिड वितरण जस्ता कार्यक्रमहरु सन्चालन भएको विवरण प्रस्तुत भएको ।

**ट.न्यायीक समितिः**

कटहरी अन्तर्गत रहेको न्यायीक समितिका कर्मचारी श्री सविता काफ्लेले पेश गर्नु भएको विवरण अनुशार गत आर्थिक वर्ष ०७६/०७७ मा न्यायीक समिति मार्फत सम्पादन भएका कार्य विवरण देहाय बमोजिम पाईयो ।

**तपसिल**

| | |
|---|---|
| न्यायीक समितिमा पेश भएका उजुरी संख्याः | ५३ |
| न्यायीक समितिबाट मिलापत्रबाट समाधान भएका उजुरीहरुः | ४९ |
| अदालत पठाएको उजुरीः | १ |
| तामेलीमा रहेका उजुरीहरुः | ३ |

**ठ. पंजिकरण तथा सामजिक सुरक्षा शाखाः**

यस शाखाका कर्मचारी एम आई.एस अपरेटर श्री मुकेश मण्डलले गत आर्थिक वर्ष ०७६/०७७ मा कटहरी गाउँपालिकाका सात वटै वडाहरुबाट प्राप्त घटना दर्ताको अवस्था र सम्पुर्ण वडामा बैंक मार्फत सामजिक सुरक्षा रकम वितरण भएको विवरण देहाय बमोजिम रहेको पाईयोः

Scanned with CamScanner

## तपसिल

### घटना दर्ता सम्बन्धि विवरणः

| वडा नं. | जन्म दर्ता | विवाह दर्ता | बसाईसराई दर्ता | मृत्यु दर्ता | सम्बन्ध बिच्छेद दर्ता |
|---|---|---|---|---|---|
| १ | ९९ | ४२ | २४ | २० | ० |
| २ | १४५ | ४४ | २७ | २५ | ३ |
| ३ | १५६ | ६२ | १९ | २८ | ० |
| ४ | २१९ | १०८ | २६ | ४० | १ |
| ५ | १३८ | ३५ | १४ | २३ | ० |
| ६ | २४५ | ८१ | २५ | ५० | ० |
| ७ | १२० | ३३ | १४ | २५ | ० |
| **जम्मा** | **११२२** | **४०५** | **१४९** | **२११** | **४** |

सामजिक सुरक्षा भत्ता वितरण तर्फको पेश भएको विवरण बमोजिम यस कटहरी गाउँपालिकाका सात वटै वडामा रहेका लाभग्राहीहरु(जेष्ठ नागरिक अन्य,जेष्ठ नागरिक दलित,एकल महिला,विधवा,पूर्ण अपाङ्ग,अति अशक्त,बालवालिका सुरक्षा र जेष्ठ नागरिक उपचार) लाई गत आर्थिक वर्ष ०७६/०७७को ३ चौमासिकमा बैक मार्फत कुल रकम **रु.७,२३,७१,२००।-** वितरण भएको विवरण पेश हुन आएको ।

**ङ. स्वास्थ्य शाखाः**

यस कटहरी गाउँपालिका अन्तर्गत स्वास्थ्य शाखाका कर्मचारी श्री शैलेन्द्र गुप्ताबाट कटहरी गाउँपालिका भित्र रहेका तीन वटा स्वास्थ्य चौकी र पाँच वटा आधारभुत स्वास्थ्य केन्द्र गरी जम्मा ८ वटा स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा सन्चालन भईरहेको विवरण प्रस्तुत भयो ।

**अतः** यस कटहरी गाउँपालिका अन्तर्गत रहेका सम्पर्ण शाखा हरुबाट पेश हुन आएको विवरणका आधारमा गत आ.व.०७६/०७७ मा सम्पादन भएका कामको समिक्षा गर्दा देहाय बमोजिम रहेको पाईयोः

- आ.व. ०७५/०७६ भन्दा आ.व.०७६/०७७ मा सडक विस्तार तथा स्तरोन्नतीको प्रतिशत २८.३ प्रतिशतले बढेको पाईयो ।
- नेपाल सरकार संघीय अनुदान,प्रदेश सरकार अनुदान र गाउँपालिकाको आन्तरिक आम्दानीबाट सन्चालित योजनाहरु कोभिड-१९ को कारण भएका लकडाउनको समयमा पनि **८० प्रतिशत** भन्दा बढी सम्पन्न भएको पाईयो ।
- नेपाल सरकार संघीय समपुरक अनुदान,सशर्त अनुदान,प्रदेश सशर्त अनुदान र निजि क्षेत्रबाट साझेदारीमा रिङरोड कालोपत्रे गर्ने कार्य,बालुघाट पर्यटकीय स्थल निर्माण,सिघियाखोला तटबन्धन, सामूहिक आवास निर्माण,जनता आवास निर्माण जस्ता योजनाहरु सन्चालन भएको पाईयो ।
- गाउँपालिकाबाट संचालन भएका योजनाहरु मध्ये पुर्वाधारहरुको मर्मत संभारका लागि नितिगत निर्णय गरी कार्यक्रमगत व्यवस्था गर्नुपर्ने देखियो ।
- गाउँपालिका स्तरीय भौतिक पूर्वाधार अवलोकन तथा अनुगमन समितिले पेश गरेको प्रतिवेदन अनुसार गत आर्थिक वर्ष ०७६/०७७ मा निर्माण भएका भौतिक संरचनाहरु लागत ईस्टीमेट बमोजिम नै निर्माण कार्य सम्पन्न भई हालसम्म ती भौतिक संरचनाहरुको अवस्था राम्रो रहेको जानकारी भयो ।

Scanned with CamScanner

**निर्णय नं. २-**

प्रस्ताव नं.२ माथि छलफल गर्दा गत आथिक वर्ष ०७६/०७७ मा यस कटहरी गाउँपालिकाबाट वजेट कार्यान्वयनमा केही समस्या र चुनौतिहरु आएकोले सो समस्या र चुनौतीहरुलाई सुक्ष्म अध्ययन गरी आगामी आर्थिक वर्षमा त्यस्ता समस्या र चुनौतीहरुलाई दोहोरीन नदिनका लागि यस आ.व. देखि नै प्रचलित ऐन कानून को दायरामा रहि कार्यविधि बनाई लागू गर्ने गराउने निर्णय गरियो ।

Scanned with CamScanner